का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ माघ २०७८,
शनिबार
12 February 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ७, पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

एमसीसी

# शृङ्खलाबद्ध दबाव

विवादित परियोजना एमसीसीले नेपालका प्रमुख दलका प्रमुखहरुलाई शृङ्खलाबद्ध दबाव बढाएको छ । बिहीबार टेलिफोन मार्फत् अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लूले एमसीसी अनुमोदन गराउन दबाव दिएका छन् ।

**२२ भदौ**
एमसीसी मुख्यालयले पत्र पठायो ।


**२३ भदौ**
एमसीसीकी उपाध्यक्ष फातिमा सुमार चार दिने नेपाल भ्रमणमा ।

**१४ कात्तिक**
संसद अधिवेशन अन्त्य भएपछि बक्तव्य प्रकाशन

**१ मंसिर**
दक्षिण तथा मध्य एसिया मामिला अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लू तीन दिने नेपाल भ्रमणमा ।

**२३ माघ**
शेरबहादुर देउवा र पुष्पकमल दाहाललाई पत्र, १६ फागुनभित्र अनुमोदन गर्न दबाव

**२७ माघ**
प्रधानमन्त्री देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई लूको टेलिफोन ।


एमाले अध्यक्ष केपी शर्मा ओली र एमसीसीका उपाध्यक्ष फातिमा सुमार । फाइल तस्बिर

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ माघ ।

एमसीसीबारे निर्णय लिन दबाव बढेपछि प्रमुख राजनीतिक दलका शीर्ष नेताहरु दबावमा परेका छन् । जनमत र पार्टी कार्यकर्ता एमसीसीको विपक्षमा भएकाले पनि शीर्ष नेताहरु अप्ठ्यारोमा देखिएका छन् । अझ एमसीसीले शृङ्खलाबद्ध दबाव बढाएकाले पनि शीर्ष नेताहरु अनुमोदन गर्ने वा नगर्ने भन्ने संकटमा देखिएका छन् ।

बिहीबार दक्षिण तथा मध्य एसिया मामिला अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लूले प्रमुख नेताहरुलाई टेलिफोन मार्फत् दबाव दिएका छन् । प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई लूले टेलिफोन गरेका थिए । टेलिफोनमार्फत् उनले एमसीसीबारे निर्णय लिन दबाव दिएका छन् ।

एमसीसीबारे निर्णय लिन टेलिफोन गरेका लू गएको मंसिरमा नेपाल भ्रमणमै आएका थिए । गएको भदौ यता यसबारे निर्णय लिन चर्को दबाव बढेको देखिन्छ । कुटनैतिक माध्यम क्रस गरी एमसीसीका प्रतिनिधि र अमेरिकी उच्च अधिकारी नेपालमै आउँदा शीर्ष नेताहरुले भने कुनै निर्णय लिन सकेका छैनन् ।

गएको २३ भदौमा एमसीसीकी उपाध्यक्ष फातिमा सुमार चार दिने नेपाल भ्रमणमा आएकी थिइन् । चार दिने भ्रमणमा सबै दलका शीर्ष नेताहरुसँग सम्वाद गरेकी थिइन् । त्यस अगाडि नै एमसीसीको मूख्यालयबाट २२ भदौमा पत्र पठाइएको थियो ।

तर, एमसीसी अगाडि नबढाइ प्रतिनिधिसभा अधिवेशन अन्त्य भयो । लगत्तै १४ कात्तिकमा एमसीसीले बक्तव्य प्रकाशन गरी दबाव सिर्जना गरेको थियो । एमसीसी नेपाली जनताकै हातमा भएको बक्तव्यको सन्देश थियो ।

यसपछि १ मंसिरमा दक्षिण तथा मध्य एसिया मामिला अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लू तीन दिने नेपाल भ्रमणमै आए । त्यसअघि नै प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एमसीसी अनुमोदन गराउने, तर त्यसका लागि समय आवश्यक रहेको भन्दै पत्र पठाएका थिए ।

त्यही प्रश्नका आधारमा एमसीसीले गएको २३ माघमा देउवा र प्रचण्डलाई पत्र पठाएर एमसीसी अनुमोदनका लागि १६ फागुनको म्याद दिइएको थियो । तर कुनै प्रगति नभएको भन्दै फेरि २७ माघमा लूले टेलिफोन गरी चेतावनी युक्त सन्देश छोडेका छन् ।

# जनमत विपक्षमा शीर्ष नेतृत्व संकटमा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडा, २८ माघ ।

अमेरिकी अनुदान सहयोग परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) नेपाली राजनीतिको प्रमुख समस्या बनेको छ । एमसीसी विरुद्ध जनमत देखिएपछि शीर्ष नेतृत्वलाई एमसीसी निल्नु न ओकल्नु बनेको छ । एमसीसी अनुमोदन गर्ने वा नगर्नेमा सत्ता र विपक्षी दलहरुभित्र चर्को मतभेद देखिएको छ ।

विपक्षी दल नेकपा एमाले पनि एमसीसीबारे धारणा प्रष्ट पार्न सकेको छैन । तर, एमाले अध्यक्ष केपी शर्मा ओलीले एमसीसी संसदमा पेश गर्न सभामुख अग्निप्रसाद सापकोटाले रोक्न नहुने बताएका छन् । "पेश नगरी रोक्छु भन्ने सभामुखको अधिकार छैन, यो उनको कर्तव्य होइन । उनले अनधिकृत ढंगले काम गर्न पाउँदैनन्", ओलीले भने ।

उनले सत्ता गठबन्धनका नेताले एमसीसीको आधिकारिक निकाय र जनतासँग फरक-फरक कुरा गरेको भन्दै आलोचना गरेका छन् । त्यसोत, अध्यक्ष ओली आफू सत्तामा हुँदा एमसीसी परियोजना पास गराउने दाबी गरेका थिए ।

सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसभित्र समेत एमसीसीबारे मतभेद देखिएको छ । सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा निकटका नेताहरु एमसीसी पास गराउनुपर्नेमा प्रष्ट भएपनिसंस्थापन इतर नेताहरु एमसीसीबारे पुनर्विचार गर्नुपर्ने बताउँदै आएका छन् ।

कांग्रेस नेता शेखर कोइरालाले पनि एमसीसीमा दलहरुबीच सहमति नजुटे संसदीय प्रक्रियाबाट निकास दिनुपर्ने बताएका छन् । "एमसीसीलाई सम्भव भए राजनीति दलहरुबीचको सहमतिबाट, नभए सार्वभौम संसदमा – बाँकी पृष्ठ २ मा




# कोरोना संक्रमण बढेपछि कारियाद्वारा नेपाली कामदार लैजान रोक

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ माघ

दक्षिण कोरियाले तत्कालका लागि नेपाललगायत अन्य देशबाट श्रमिक लैजान रोक लगाएको छ । कोरोना भाइरसको संक्रमण दर तीव्र गतिमा फैलिन थालेपछि दक्षिण कोरियाले नेपाल लगायत अन्य देशबाट समेत श्रमिक लैजान रोक लगाएको हो । दक्षिण कोरियाको श्रम तथा रोजगार मन्त्रालयलाई उद्धृत गर्दै सउलस्थित नेपाली दूतावासले १४ फेब्रअरीका लागि तय भएको नियमित उडान तालिका स्थगित गरिएको जानकारी गराएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले वैदेशिक रोजगारका लागि दक्षिण कोरिया जान ईपीएस पास गरी लामो पर्खाइपछि १४ फेब्रअरीमा उडान तय भई रोकिएका श्रमिकहरुको अर्को उडान तालिका छिट्टै सार्वजनिक गर्न पहल भइरहेको बताए ।

मन्त्री श्रेष्ठले संक्रमण दर कम हुनासाथ रोकिएका कामदारहरुलाई तत्काल पठाउने व्यवस्था गरिने भन्दै केही समय धैर्य गर्न आग्रह गरेका छन् । मन्त्री श्रेष्ठले दक्षिण कोरियामा कोरोना भाइरसले पुनः महामारीको रुप लिएकाले त्यहाँ रहेका नेपालीलाई पनि संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्न आग्रह गरेका छन् ।

रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत भाषा र सीप परीक्षा उत्तीर्ण – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## आइतबारदेखि कन्सुलर सेवा त्रिपुरेश्वरबाट

काठमाडौं/मस- कन्सुलर सेवा विभागले आगामी आइतबारदेखि सम्पूर्ण सेवा त्रिपुरेश्वरस्थित नयाँ भवनबाट प्रवाह गर्ने भएको छ । कन्सुलर सेवा अन्तर्गत विदेशमा रहेका नेपालीहरुका हकहितको सुरक्षा, उद्धार, क्षतिपूर्तिको पहल, कन्सुलर प्रमाणीकरण, विदेशी नियोग तथा कूटनीतिक पदाधाकरीहरुलाई प्रदान गरिने सुविधा तथा उन्मुक्ति, नेपाल सरकारको मनोनयनमा विदेश भ्रमण गर्ने पदाधिकारीहरुका लागि सम्बन्धित देशको प्रवेशाज्ञाको लागि सिफारिस गर्ने लगायतका कार्यहरु पर्दछन् ।

विभागले आइतबार एकदिन टेलिफोन सेवा अवरुद्ध हुने भएपनि सोही कार्यालयबाट सेवा लिन सेवाग्राहीलाई विज्ञप्तिमार्फत अनुरोध – बाँकी पृष्ठ २ मा

## नयाँ महानिर्देशक पौडेलद्वारा विभागमा काम शुरू

काठमाडौं/मस- वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेलले जिम्मेवारी सम्हालेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत मंगलबार विभागका महानिर्देशक दिपक काफ्लेलाई मन्त्रालय तानेर उनको ठाउँमा पौडेललाई पठाएको हो ।

विभागमा पदवहाली गरी जिम्मेवारी सम्हालेका नवनियुक्त महानिर्देशक पौडेलले विभागले – बाँकी पृष्ठ २ मा

# कार्यकर्ता पढाउँदै एमाले

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौ, २८ माघ ।

प्रमुख विपक्षी दल नेकपा एमालेले चुनाव लक्षित गतिविधि शुरु गरेको छ । अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार जनप्रतिनिधिहरुलाई दिइने प्रशिक्षणको उद्घाटन गरे । एमालेले सातै प्रदेशमा आफ्नो जनप्रतिनिधिहरुलाई प्रशिक्षण दिन लागेको हो । प्रदेश-१ को विराटनगरमा २ फागुनमा एमालेले प्रशिक्षण राखेको छ । प्रदेश-२ पछि क्रमशः मधेश प्रदेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सूदुरपश्चिम प्रदेशमा प्रशिक्षण गर्दैछ ।

> नेकपा एमालेले स्थानीय तहका जनप्रतिनिधिहरुलाई चुनाव लक्षित प्रशिक्षण शुरु गर्दैछ । सातै प्रदेशमा हुने प्रशिक्षणको उद्घाटन एमाले अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार नै गरेका छन् ।

एमालेले यो प्रशिक्षणलाई आगामी ३० वैशाखमा घोषणा गरिएको स्थानीय चुनाव लक्षित बनाउँदैछ । २०७४ को स्थानीय निर्वाचनमा एमाले पहिलो दल बनेको थियो । ७५३ मध्ये एमालेले २९४ स्थानीय तह जितेको छ । नेपाली काँग्रेसले २६४ र नेकपा माओवादी केन्द्रले १५५ स्थानीय तह जितेको छ । एमालेले फेरि पनि स्थानीय तहमा पहिलो शक्ति बन्ने लक्ष्य सहित गतिविधि अगाडि बढाएको छ ।

२०७४ को प्रदेश तथा प्रतिनिधिसभाको चुनावमा समेत एमाले पहिलो दल बनेको थियो । नेकपा माओवादी केन्द्रसँग गठबन्धन गरेकाले सात मध्ये ६ प्रदेशमा दुई तिहाइको सरकार गठन गरेको थियो । संघमा ओलीले पाँच वर्ष सरकार चलाउने जनादेश पाएका थिए । तर तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको आन्तरिक विवाद हल हुन नसक्दा ओली सरकार ढल्यो । ओलीले दुई पटक असंवैधानिक प्रतिनिधिसभा विघटन गरेकै कारण नेकपा विभाजित भयो । नेकपासँगै एमाले समेत विभाजित भएको छ ।

पूर्व प्रधानमन्त्रीहरु माधवकुमार नेपाल र झलनाथ खनाल सहित नेताहरुले नेकपा एकीकृत समाजवादी गठन गरेका छन् । अध्यक्ष ओली भने एमालेमा विभाजनको – बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# स्थानीय तह निर्वाचन नमूना बनाऔं : प्रमुख निर्वाचन आयुक्त



**काठमाडौं/मस**–निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन स्वच्छ र स्वतन्त्र तुल्याउन तथा मतदाताको सहभागिता बढाउन सूचना र प्रसारणका माध्यमद्वारा गर्न सकिने कार्यबारे छलफल गरेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रेस काउन्सिल नेपाल, विज्ञापन बोर्डसहित चारवटै सार्वजनिक सञ्चारमाध्यम र दूरसञ्चार सेवा प्रदायक संस्थाका प्रमुखसँग आज आयोगले आगामी वैशाख ३० गते हुने निर्वाचनबारे छलफल गरेको हो ।

स्थानीय तह निर्वाचनलाई प्रभावकारी तुल्याउन सार्वजनिक सञ्चार माध्यममार्फत गरिने क्रियाकलापलाई कसरी सहजीकरण गर्न सकिन्छ भनेर छलफल गरिएको थियो ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनलाई प्रभावकारीरूपमा सञ्चालन गर्न, निर्वाचन प्रति आम मतदातालाई आश्वस्त तुल्याउन, उत्प्रेरित गर्न, सञ्चार माध्यमको महत्वपूर्ण भूमिका हुने बताए ।

निर्वाचनसम्बन्धी सूचना, समाचार र विचारलाई अहिले भइरहेको नियमित प्रणालीबाट प्रयोग बढाउन, वार्षिक बजेट र कार्यक्रमबाटै निर्वाचनमुखी कार्यक्रम गर्न सुझाव दिँदै आयोगले निर्वाचनलाई लक्षित गरी मतदाता प्रोत्साहन हुने र निर्वाचनको वातावरण बनाउने कार्यक्रम गर्न आवश्यक पर्ने वित्तीय पक्षबारे जानकारी माग गरेको छ ।

स्थानीय तहको निर्वाचन राजनीतिक दृष्टिकोणबाट सबल संयन्त्र निर्माण गर्ने अवसरका रूपमा रहेको छ । निर्वाचनका लागि आयोग बजेट तर्जूमा गर्ने चरणमा काम गरिरहेको छ। कानून र स्थानीय तहको संरचना अनुसार स्थानीय तहमा प्रत्यक्ष निर्वाचित ३५ हजार २२१ प्रतिनिधि आगामी निर्वाचनबाट निर्वाचित भएर आउने छन् । स्थानीय तहको सभाका लागि थप चार हजार ९६८ जनप्रतिनिधिको पनि चयन हुनेछ ।

सार्वजनिक सञ्चार माध्यमका क्रियाकलापलाई निर्वाचनमुखी र केन्द्रित तुल्याउन सुझाव दिँदै आयोगले मुलुकमा स्थापना हुने करिब १२ हजार मतदान स्थलमा प्रविधिका माध्यमबाट दस्तावेजीकरण गर्न सकिने व्यवस्था मिलाउन दूरसञ्चार प्रदायक निकायलाई निर्देशन दिइयो ।

सामाजिक सञ्जालको बढ्दो प्रयोगको व्यवस्थापन र उपयोग गर्ने सन्दर्भमा आयोगले सहकार्य गर्ने सो अवसरमा जानकारी दिइयो । आयोगले गलत, भ्रामक र मिथ्या समाचारको प्रयोग रोक्न निर्वाचनमा सामाजिक सञ्जालको उपयोगको विषय अत्यन्त गम्भीररूपमा लिएर व्यवस्थापनका लागि नीतिको खाका तयार गरेको छ ।

निर्वाचनलाई प्रभावकारी तुल्याउन प्रविधिको पाटोलाई दूरसञ्चार प्रदायक निकायले र समन्वयको भूमिका सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने छ ।

सबै सञ्चार माध्यम कम्प्युटर खोल्नासाथ निर्वाचनसम्बन्धी सन्देश र सूचना आउने व्यवस्था मिलाउन तथा देश विदेशमा निर्वाचनसम्बन्धी भइरहेका प्रचारप्रसारका गतिविधि अध्ययन गरी आ-आफ्ना सञ्चार माध्यमबाट निर्वाचनको वातावरणको तरङ्ग ल्याउन सुझाव दिइयो ।

यसअघि छलफलमा सार्वजनिक सञ्चार माध्यमलगायत संस्थानका प्रमुखले आ-आफना संस्थाबाट प्रदान गरिँदै आएका विविध सेवा र साधनस्रोतबारे जानकारी दिँदै राष्ट्रकै प्राथमिकतामा रहेको स्थानीय तह निर्वाचनलाई सफल तुल्याउन कर्तव्य र दायित्वलाई हरसम्भव पूरा गर्ने प्रतिबद्धता जनाए ।

# ज्येष्ठ नागरिकलाई गाउँपालिकाद्वारा कम्बल



**सिन्धुपाल्चोक/मस**–सिन्धुपाल्चोकका पाँचपोखरी थाङपाल गाउँपालिकाले ज्येष्ठ नागरिकलाई चिसोबाट बच्च कम्बल वितरण गर्न थालिएको छ । गाउँपालिकाका १ देखि ८ वटै वडाका ८५ वर्ष पूरा गरेका ज्येष्ठ नागरिकहरुलाई कम्बल उपलब्ध गराउन लागिएको हो ।

पालिका अध्यक्ष टासी लामाले एक कार्यक्रमकाबीच वडा नं १ र २ का ज्येष्ठ नागरिकलाई कम्बल हस्तारण गरे ।

उनले ज्येष्ठ नागरिकलाई लक्ष गरी विशेष प्याकेज कार्यक्रम लागू गरिएको र अब पाँचपोखरीका कुनैपनि ज्येष्ठ नागरिकले स्वास्थ्यलगायत अन्य सेवाबाट वञ्चित हुनुपर्ने अवस्था नआउने बताए ।

त्यसैगरी गाउँपालिकामा रहेका अपाङ्ग हरुका लागि ह्विल चियर र वैशाखी समेत वितरण गरिएको पालिका उपाध्यक्ष सुनिता अधिकारीले जानकारी दिए ।

# चितवनमा देखियो बर्डफ्लू



**चितवन/मस**–चितवनको राप्तीमा पुनः बर्डफ्लू रोगको संक्रमण देखिएको छ । राप्ती नगरपालिका-६ स्थित अनिता पशुपक्षी कृषि फर्ममा बर्डफ्लू देखिएको हो ।

प्रमुख जिल्ला अधिकारी आस्मान तामाङले कुखुरा मर्न थालेपछि यही माघ २५ गते नमूना संकलन गरी काठमाडौं पठाइएकामा बिहीबार संक्रमण पुष्टि भएको जानकारी दिए । उनका अनुसार बर्डफ्लूको एचपाइभ एनवान संक्रमण देखिएको हो ।

उक्त फर्ममा दुई हजार कुखुरा रहेका छन् । उक्त फर्मको एक सय मिटर वरपर रहेका पक्षी नष्ट गर्ने काम शुक्रवार हुने उनले बताए । फर्मको दुई किलोमिटर वरपर निगरानी राख्दै बेचबिखनमा रोक लगाइने उनको भनाइ छ । शंकास्पद फर्महरुको नमूना संकलन गरी परीक्षण गरिने उनले जानकारी दिए ।

बर्डफ्लू रोकथाम तथा नियन्त्रण समिति चितवनको शुक्रबार बसेको बैठकले बर्डफ्लू नियन्त्रण नियमावली २०७८ अनुसार नियन्त्रणको काम अघि बढाउने निर्णय गरेको उनको भनाइ छ ।

# जुत्ता चप्पल गोदाममा आगलागी, ५ जनाको मृत्यु



**दाङ/मस**–दाङको तुलसीपुर उपमहानगरपालिका- ५ 'ङ' लाइनस्थित जुत्ता-चप्पल गोदाममा आगो लाग्दा ५ जनाको मृत्यु भएको छ ।

इरम फुटवेयर चप्पल गोदाम रहेको चार तले घरमा बिहीबार मध्यराति भएको आलगागीमा परी ५ जनाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

मृत्यु हुनेमा तुलसीपुर उपमहानगरपालिका-५ का ४० वर्षीय नजरदिन अली, ६ वर्षीय आबिददिन अली, अन्दाजी १४ वर्षीया साजिदा खातुन, १४ वर्षकै हसन बकस र १७ वर्षीय मसिन बकस रहेको इलाका प्रहरी कार्यालय तुलसीपुरले जानकारी दिएको छ ।

पाँचै जनाको धुवाँमा निसासिएर मृत्यु भएको प्रहरीले बताएको छ । आगलागीमा एकजना घाइते भएका छन् । घाइतेलाई उपचारका लागि राप्ती प्रादेशिक अस्पताल तुलसीपुर पठाइएको छ ।

विद्युतको मिटर पडि्कंदा आगलागी भएको अनुमान छ । इलाका प्रहरी कार्यालय तुलसीपुरका अनुसार आगो पूर्ण रूपमा नियन्त्रणमा आएको छ । इलाका प्रहरी कार्यालय तुलसीपुर, नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय तथा तुलसीपुर र घोराही उपमहानगरपालिकाको दमकलले आगो नियन्त्रणमा लिएको हो ।

# गण्डकीमा निःशुल्क रगत



**कास्की/मस**– गण्डकी प्रदेशका बिरामीले निःशुल्क रगत पाउने भएका छन् । फागुन १ गतेदेखि रक्त परीक्षण र अन्य खर्च गण्डकी प्रदेश सरकारले बेहोरिदिने भएपछि बिरामीले निःशुल्क रगत प्राप्त गर्ने भएका हुन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार पारेको रगत तथा रगतजन्य सेवा निःशुल्क व्यवस्थापन कार्यविधि, मन्त्रिपरिषद्बाट पारित भएसँगै अब बिरामीले रगतका लागि पैसा तिर्नु नपर्ने भएको हो। प्रदेशअन्तर्गतका सम्पूर्ण सरकारी तथा निजी अस्पतालहरुमा रगत निःशुल्क गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं मन्त्री कुमार खड्काले जानकारी दिए ।

कार्यविधिअनुसार रगत तथा रगतजन्य सेवा प्रदान गर्ने संस्थाले अस्पतालमा उपचाररत बिरामीलाई आवश्यक पर्ने रगत, रगत राख्ने झोला र रगत परीक्षण निःशुल्क गर्नुपर्ने छ । उपलब्ध गराइएको सेवा शुल्क भुक्तानीका लागि मासिक रुपमा जिल्ला रगत तथा रगतजन्य सेवा व्यवस्थापन समितिमार्फत अस्पतालसमक्ष बिल भरपाई पेस गनुपर्ने उनको भनाइ छ। रक्तदाताले दान गरेको रगतको शुल्क लिन नहुने माग जनस्तरमा उठ्दै आएको उल्लेख गर्दै प्रवक्ता खड्काले त्यही माग सम्बोधन गर्दै अब गण्डकी प्रदेशका सम्पूर्ण स्वास्थ्य संस्थामा उपचार गराइरहेका बिरामीलाई निःशुल्क रगत उपलब्ध हुने बताए ।

# जय सिंह धामीको खोजबिन गर्न आयोगलाई ज्ञापन पत्र



**काठमाडौं/मस**–महाकाली नदीमा बेपत्ता जय सिंह धामीको खोजबिन गर्न खस क्षेत्री एकता समाज (आ/ज)ले राष्ट्रिय समावेशी आयोग पुलचोकलाई ध्यानाकर्षण गरेको छ ।

जुलाई ३०,२०२१ मा वैदेशिक रोजगारको लागि घरबाट हिँडेका धामी हालसम्म बेपत्ता छन्। महाकाली नदी तर्ने क्रममा भारतीय पक्षले तुईन काट्दा नदीमा खसेर धामी बेपत्ता भएका थिए ।

धामीको आजसम्म पनि शव नभेट्नु र सरकार मौन बसेकोले समावेसी आयोगमार्फत खोजबिन गर्न माग गर्दै आयोगका अध्यक्ष एवं पदाधिकारीलाई एकता समाजले ध्यानाकर्षण गराएको हो ।

समाजले२०७२ को संवैधानिक व्यवस्थाले खसहरुको स्वतन्त्र पहिचानको अवस्थालाई गोलमटोल गरी खसआर्यको परिभाषा गरेको छ भन्दै नेपालभर तथा विदेशमा छरिएर रहेका खसहरुको उद्गम स्थान नेपालको त्रिशुली पश्चिम नै रहेको जनाएको छ ।

समाजले बुझाएको ज्ञापनपत्रमा भनिएको छ, 'विभिन्न उतारचढावसँगै वर्तमान नेपालमा ऐतिहासिक खसान क्षेत्र रहेको सर्वविधितै छ। ककेसियन प्रजाति खसहरु कृषियुगको घुमन्ते जीवन विकासको क्रममा खसान क्षेत्र अन्तर्गत ऐतिहासिक बसोबास हो । हाल खसान क्षेत्रमा खसहरुको भाषिक साँस्कृतिक र भौगोलिक उत्पीडिन यत्रतत्र देखिन्छ। उत्पिडित खसहरुको उत्थान र संरक्षणका लागि राष्ट्रिय समावेशी आयोगले आयोजना गर्ने कार्यक्रमहरुमा खसक्षेत्री एकता समाज आ/जका प्रतिनिधिलाई पनि समावेश गर्नुपर्छ ।'

समाजको ज्ञापनपत्रमा खसहरुको स्वतन्त्र पहिचान कायम गर्नुपर्ने, खस क्षेत्रीहरुलाई प्रचलित नेपालको आदिवासी जनजाति ऐनमा सूचिकरण गर्नुपर्ने, खसहरुलाई आरक्षणको व्यवस्था गर्नुपर्ने, खसहरुको राजनीतिक प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्ने माग गरिएको छ । यस्तै खसहरुको ऐतिहासिक भुमीलाई खसान राज्य कायम गर्नुपर्ने, माहाकली नदी पारगर्ने क्रममा तुईनकाटेर बेपत्ता पारिएका जय सिंह धामीको खोजबिन गर्नुपर्ने माग राखिएको छ । संयोजक राजन केसीको नेतृत्वमा गएको टोलीमा केन्द्रीय सदस्य मानबहादुर धामी, राजबहादुर भाम, भुमकला ऐडी, हरि बुढा, हुकुम सिंह लगायतका उत्पीडित खसहरुका आवाज उठाउने नेताहरु उपस्थित थिए । समावेसी आयोगको तर्फबाट ज्ञापनपत्र बुज्दै अध्यक्ष रामकृष्ण तिमल्सिनाले खस क्षेत्री एकता समाजले बुझाएको ज्ञापनपत्र अभिलेखिकरण गरिने बताए। सो क्रममा आयोगका सदस्य मान प्रसाद खत्री र बिष्णुदत्त जोशी लगायतको टिम उपस्थिति थियो ।

# पशुपतिनाथ मन्दिर भक्तजनका लागि खुल्ला



**काठमाडौं/मस**– कोरोनाको तेस्रो लहरका कारण माघ पहिलो सातादेखि बन्द रहेको पशुपतिनाथ मन्दिर शुक्रबारदेखि खुल्ला गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंको यही माघ २३ गतेको आदेश अनुसार मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च, लगायतकास्थलमा स्वास्थ्य मापदण्डपालना गरी एक पटकमा ५० जनाभन्दा बढी नहुने गरी पूजा, ध्यान वा प्रार्थना गर्न सकिने उल्लेख भए अनुसार शुक्रबार बिहानदेखि पशुपतिनाथ मन्दिर खुला गरिएको हो ।

पशुपति क्षेत्र विकास कोषले महाशिवरात्रिको तयारी गरेसँगै पशुपतिनाथ मन्दिर खुला गरेको हो। विश्व स्वास्थ्य संगठन र नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्डपालना गरेर पशुपतिनाथ मन्दिर खुला गरिएको कोषका सदस्य सचिव डा.मिलनकुमार थापाले बताए । कोरोनाको तेस्रो लहर बढ्न थालेपछि गत माघ ५ गतेदेखि पशुपतिनाथ मन्दिर भक्तजनका लागि बन्द गरिएको थियो ।

# भालुको पित्तसहित पक्राउ

**काठमाडौं/मस**–प्रहरीले संरक्षित वन्यजन्तु भालुको पित्तसहित एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा लमजुङको दोर्दी गाँउपालिका-८ खिन्चोकका ३५ वर्षीय मनबहादुर सिलवाल क्षेत्री रहेका छन् ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले टोखा नगरपालिका-९ आनन्द टोलबाट क्षेत्रीलाई बिहीबार पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको हो। ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक श्यामकुमार महतोले भालुको आखेटोपहार अवैध रुपमा ओसारपसार गरेर बेचबिखन गर्न लागेको अवस्थामा क्षेत्रीलाई पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका क्षेत्रीको साथबाट २४० ग्राम पित्त बरामद गरिएको छ। उनलाई आवश्यक अनुसन्धान र कारबाहीका लागि डिभिजन वन कार्यालय हात्तीसारको जिम्मा लगाइएको महतोले बताए ।

### जनमत...

संसदीय प्रक्रियामार्फत यथाशीघ्र निकास दिनुपर्छ। यदि एमसीसीबारे गठबन्धनमा सहमति नजुट्ने र संसदीय प्रक्रियामा पनि लान नदिने हो भने अहिलेको गठबन्धन, सरकार, हाम्रो पार्टी र संसदको क्षमतामाथि नै गम्भीर प्रश्नहरु तेर्सिने देख्दैछु", उनी भन्छन् ।

तर, सत्तागठबन्धन माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र जनमोर्चा भने एमसीसीको विपक्षमा देखिएका छन् । माओवादी केन्द्र र जसपाभित्र एमसीसीका विषयमा दुई धार देखिएपनि धेरै नेताहरु भने एमसीसीको विपक्षमा छन् । अझ जनमत पनि एमसीसीको विपक्षमा हुँदा नेताहरुले खुलेरै एमसीसीको समर्थन गर्न सकेका छैनन् ।

"नजिकिएको चुनाव लक्षित भएर पनि धेरै दलले खुलेर एमसीसीको समर्थन गर्न नसकेका हुन्", राजनीतिक विश्लेषक विष्णु दाहाल भन्छन् । उनले एमसीसीकै कारणबाट दलहरु फुट्न सक्ने र एमालेमा पनि दुई धार देखापर्न सक्ने संकेत गरेका छन्। "एमसीसी संसदमा प्रवेश गऱ्यो भने एमालेका चिनियाँ धार र भारतीय धारमा बिभाजन हुने देखियो, बिद्या गुट(चिनियाँ गुट) विरुद्ध ओली गुट (भारतीय गुट)को परिणाम के होला ?", विश्लेषक दाहाल भन्छन् । एमसीसीकै कारण दलहरुबीच ठूलो संकट उत्पन्न हुने संकेत समेत गरे ।

कोरोनाको सक्रमणपछि सुस्ताएको नेपाली राजनीति एमसीसीका कारण भने तरंगित बनेको छ । सभामुख अग्नि सापकोटा एमसीसी परियोजना भित्र्याउन इच्छुक नभएपछि सदनमा उक्त परियोजना टेबुल हुन नसकेको धेरैको आरोप छ । अझ अमेरिकाले परियोजना स्वीकृत नगरे नेपालप्रतिको नीति परिवर्तन हुनसक्ने संकेत समेत गरेको छ ।

### कोरोना...

गरी रोजगारीका लागि दक्षिण कोरिया जाने पर्खाइमा रहेका नेपाली कामदारहरु लामो समयदेखि रोकिएका थिए । मन्त्री श्रेष्ठको निजी सचिवालयका अनुसार भाषा र सीप परीक्षा उत्तीर्ण गरेकाहरूले तत्काल रोजगारीमा जाने व्यवस्था गरिदिन आग्रह गरेपछि मन्त्री श्रेष्ठले प्रक्रिया शुरु गरी नियमित रुपमा पठाउने व्यवस्था गरिएको थियो ।

### आइतबारदेखि...

गरेको छ । विभागले यसअघि नारायणहिटी दरबारको एउटा भवनबाट सेवा प्रवाह गर्दै आएको थियो ।

### नयाँ...

सम्पादन गर्ने प्रशासनिक कार्य तोकिएको समयमा सम्पन्न गर्न कर्मचारीहरुलाई निर्देशन दिए ।

त्यसअघि उनी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका श्रम तथा रोजगार महाशाखा प्रमुखको जिम्मेवारीमा थिए । त्यसअघि भूमिसुधार मन्त्रालयमा काम गरेका पौडेललाई धेरैले सूचना प्रविधिमा दक्ष भनेर बुझ्ने गरेका छन् ।

पदवहालीका क्रममा पनि महानिर्देशक पौडेलले प्रविधिको माध्यमबाट सेवाग्राही र कर्मचारीको सिधा सम्पर्क नहुने 'फेसलेस' प्रशासनको मान्यतामा अघि बढ्नुपर्ने सुझाव दिएका छन् ।

### कार्यकर्ता ...

असर पर्न नदिने चुनाव जित्नुपर्ने तर्क गरिरहेका छन् । त्यसका लागि जनप्रतिनिधिहरुलाई प्रशिक्षण दिएर गतिविधि अगाडि बढाएको छ ।

शुक्रबार ओलीले गठबन्धनले एमालेलाई हराउन नसक्ने बताएका छन् । २०७४ मा जस्तै मतपत्र च्यात्ने अवस्था नआउने र एमालेको जित नरोकिने ओलीको दावी थियो । यो सरकार एमालेसँग डराएर चुनावसँग भाग्न खोजिरहेको ओलीले बताए । तर एमाले, वौद्धिक क्षेत्र र सञ्चार क्षेत्रको दबावकै कारण चुनावको मिति घोषणा गर्न सरकार बाध्य भएको ओलीको तर्क छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेश्रो पटक प्रकाशित मिति २०७८/१०/२९

यस कम्पनीको मिति २०७८/१०/१७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **दिव्य एग्रो मार्ट प्रा.लि. (प्रा.लि. नं. २४०५७२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१०/२० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **दिव्य एग्रो प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **फ्युचर ईम्प्लोइमेन्ट सर्भिस प्रा.लि. (ई.प.नं.६२७)** ले आफ्नो शाखा कार्यालयको साविक ठेगाना **सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. १**, लाई परिवर्तन गरी **झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ५**, कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**साउदीमा रोजगार** | १. कम्पनी: **IMDADAT MARKETING COMPANY**
शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/१०/२८ चलानी नं.: ६०१७४३७३ LT. No.: 257913

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **New Horizons Contracting & Maintenance Company** शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/१०/२८ चलानी नं.: ६०१७४३७४ LT. No.: 257912

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labor | 15 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फगुन ७ गते (19 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४

**Nepal HR Solution Pvt. Ltd.**
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com

# २४ लाख मात्रा खोप हराएको छैन : स्वास्थ्यमन्त्री

**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्यामन्त्री बिरोध खतिवडाले कोरोना भाइरसविरुद्धको खोपको २४ लाख मात्रा नहराएको बताएका छन् । मन्त्री भएको एक सय दिन पुगेको अवसरमा शुक्रबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले खोप हराएको नभइ तथ्यांक नआएको उल्लेख गरेका छन् ।

उनले भने, 'खोपको २४ लाख मात्रा हराएको होइन, हामीले खोप लगाउनका लागि प्रदेश, जिल्ला, स्थानीय तह हुँदै टोलटोलमा स्वास्थ्यकर्मी खटाएका थियौँ । टोलटोलमा गएर लगाएको तथ्यांक नआएको मात्र हो ।' उनले खोप लगाउँदा केही मात्रा खेर गएकाले पनि तथ्यांक नमिलेको बताए ।

उनले भने, 'एउटा डब्बामा रहेको खोपको १० मध्ये आठ मात्रा लगाइयो र बाँकी दुई मात्रा खोप त्यही दिन लगाइन भने त्यो खेर जान्छ । त्यसकारण पनि खोपको मात्रा खेर गइरहेको छ ।'

हराएको खोपको सम्बन्धमा मन्त्रालयले प्रमुख विशेषज्ञ डा.गुणराज लोहनीको संयोजत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको र चाँडै नै हराएको खोपका बारेमा जानकारी दिने मन्त्री खतिवडाको भनाइ छ । मन्त्री खतिवडाले आगामी वैशाख मसान्तसम्म लक्षित जनसंख्या सबैलाई कोभिड -१९ विरुद्धको खोपको पूर्ण मात्रा प्रदान गर्ने लक्ष निर्धारण गरिएको र त्यसका लागि आवश्यक पर्ने खोपको मौज्दात सुनिश्चित गरिसकिएको बताए । उनले १२ वर्षदेखि माथिका सबैलाई खोप लगाइने जानकारी दिए ।

सरकारले माघ २७ गतेसम्म १२ वर्षभन्दा माथिको लक्षित जनसंख्याको ७७



प्रतिशतलाई पहिलो मात्रा र ६९ प्रतिशतलाई खोपको पूर्ण मात्रा प्रदान गरेको छ ।

यस्तै मन्त्री खतिवडाले ५-११ वर्ष उमेर समूहका बालबालिकालाई समेत कोभिड-१९ विरुद्धको खोप प्रदान गर्न खोपको उपलब्धता सुनिश्चितता भइसकेको बताए । हालसम्म चार करोड ६५ लाख ७० हजार ७२० खोपको मात्रा प्राप्त भइसकेमा तीन करोड ४८ लाख २५ हजार ६०१ मात्रा लगाइएको छ । मन्त्रालयले खोपको पहुँच नपुगेको स्थान र समुदायको पहिचान गरी प्रदेश र स्थानीय सरकारको नेतृत्वमा खोप अभियान सञ्चालन गरेको मन्त्री खतिवडाले जानकारी दिए ।

उनले भने, 'ठूला अस्पतालमा र जनघनत्व बढी भएका सहरका विभिन्न सार्वजनिक स्थानमा खोप केन्द्र निर्धारण गरेर दैनिक रुपमा खोप प्रदान भइरहेको छ । दैनिक आवतजावत गर्ने स्थान जस्तै बसपार्क, काठमाडौं उपत्यकाका मुख्य प्रवेश नाकामा यात्रुलाई लक्षित गरी दैनिक खोप सेवा प्रदान गरिएको छ ।'

मन्त्री खतिवडाले आफ्नो सय दिनको कार्यकालको उपलब्धमा कोरोना भाइरसको पिसिआर परीक्षण शुल्क घटाएको उल्लेख गरेका छन् । निजी अस्पताल/प्रयोगशालामा दुई हजारबाट एक हजार ५ सय रुपैयाँ र सरकारी स्वास्थ्य संस्थामा एक हजारबाट आठ सय रुपैयाँ कायम गरिएको जानकारी दिए ।

यस्तै कोरोना संक्रमितको उपचार व्यवस्थापनका लागि अक्सिजन प्लान्ट, अक्सिजन सिलिन्डर, सघन उपचार कक्ष (आइसियु) शय्या, हाई डिपेडेन्सी युनिट (एचडियु) शय्याको संख्या वृद्धि गरी अस्पतालको क्षमता वृद्धि गरिएको मन्त्री शर्माले बताए । यस्तै कोभिड-१९ युनिफाइड अस्पताल (वीर अस्पताल) मा २४ सै घण्टा कोरोना भाइरसको उपचारका लागि हटलाइन (११३३) सेवा मार्फत परामर्श सेवा प्रदान गर्न सुरु गरिएको छ । भारतसँग सिमाना जोडिएका प्रवेश विन्दुमा स्थापित हेल्थ डेस्कको क्षमता वृद्धि गरी दैनिक नेपाल प्रवेश गर्ने यात्रुमध्ये ९० प्रतिशतको स्क्रिनिङ् भएको र तिमध्ये ८७ प्रतिशतभन्दा बढीको कोभिड-१९ को परीक्षण भइरहेको मन्त्री खतिवडाले जानकारी दिए ।

रेविज विरुद्धको खोप 'इम्युनोग्लोबुलिन' शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकुबाट मात्र वितरण गरिँदै आएकामा हाल सातै प्रदेशका एक/एक अस्पतालबाट निःशुल्क उपलब्ध हुने व्यवस्था गरिएको उनले बताए ।

मन्त्री खतिवडाले ज्येष्ठ नागरिकलाई मात्र उपचार गर्न भनेर ज्येष्ठ नागरिक अस्पताल स्थापना गर्न लागिएको बताए । उनले अस्पताल स्थापनाका लागि समिति गठन गरेर सम्भाव्यता अध्ययन कार्य भइरहेको र अर्को वर्ष बजेट विनियोजन गरेर कार्य प्रारम्भ गर्ने जानकारी दिए । मुलुकको मध्यभागमा ज्येष्ठ नागरिक अस्पताल स्थापना गर्ने सरकारको तयारी छ ।

यस्तै दुई हजार २०० वडामा वडा तहको आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न भएको उनको भनाइ छ । दुई सय २६ पालिकामा पाँच, दश, १५ शय्याका आधारभूत अस्पतालको बोलपत्र प्रक्रिया भई कार्य प्रारम्भ भएको उनले बताए । जर्मन विकास बैंकको सहयोगमा दोलखाको जिरी, रामेछाप र गोर्खामा सुविधा सम्पन्न अस्पताल भवन निर्माण सम्पन्न भएर हस्तान्तरणसमेत भइसकेको उनले जानकारी दिए ।

खतिवडा गत असोज २२ गते स्वास्थ्यमन्त्रीमा नियुक्त भएका थिए । उनी २०७४ सालको संसदीय निर्वाचनमा मकवानपुर क्षेत्र नं २ बाट निर्वाचित भएका थिए ।

# भेटियो मूर्ति, स्थानीयले मनाए खुसीयाली

**दिपक घिमिरे/मध्यान्ह**
ललितपुर, २८ माघ

ललितपुर सुनाकोठीबाट हराएको बालकुमारीको मूर्ति शुक्रबार भेटिएको छ ।

मूर्ति भेटिएसँगै स्थानीयवासीले खुसीयाली मनाएका छन् । महानगरीय प्रहरी परिसर ललितपुरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक यज्ञविनोद पोखरेलका अनुसार शुक्रबार बिहान ६ बजे ललितपुर महानगरपालिका १५ स्थित करुणा मन्दिरको छेउमा उक्त मूर्ति फेला पारिएको हो ।

प्रहरी उपरीक्षक पोखरेलले भने, 'चोरी गरेर लैजाने व्यक्तिमाथि व्यापक खोजी तथा जनदबाब परेकाले त्यसलाई थेग्न नसकेर मूर्ति छाडेर गएको देखिन्छ ।'उनका अनुसार बिहान पूजा गर्न जाँदा एक महिलाले मूर्ति देखेपछि प्रहरीलाई खबर गरेको जनाइएको छ । बिहान १० बजे उक्त मूर्तिलाई गुठीका प्रतिनिधिको रोहवरमा प्रहरीले हस्तान्तरण गरेको थियो । त्यसपछि स्थानीयवासीले मूर्ति फेला पारेको उपलक्ष्यमा बाजा, नाचगान तथा सांस्कृतिक झाँकीसहित खुसीयाली मनाउँदै पुनःस्थापनका लागि सुनाकाठी लगेका छन् । यही माघ ८ गते उक्त मूर्ति हराएको थियो ।

# घोषणा अनुरुपको तलब माग्दै गाउँपालिकामा धर्ना



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २८ माघ

सिरहामा सामुदायिक विद्यालयमा कार्यरत बालविकास अन्तर्गतका सहजकर्ता, कर्मचारी र कार्यालय सहयोगीले संघीय सरकारले घोषणा गरेअनुसारको तलब माग्दै धर्नामा बसेका छन् ।

जिल्लाको लक्ष्मीपतारी गाउँपालिकाको मूलढोकामा संघीय सरकारले घोषणा गरेअनुसारको तलब माग्दै १२ दिनदेखि सामुदायिक विद्यालयमा कार्यरत बालविकास केन्द्रका सहजकर्ता, कर्मचारी र कार्यालय सहयोगीले धर्ना दिएका हुन् ।

गाउँपालिकामा सात माविसहित १७ सामुदायिक विद्यालयमा कार्यरत ५१ जना बालविकास सहजकर्ता, कर्मचारी तथा कार्यालय सहयोगीले मासिक १५ हजार रुपैयाँ तलब माग्दै १६ माघदेखि धर्नामा बसेका छन् ।

आधारभूत विद्यालय धन्छवारका कर्मचारी तथा संयुक्त संघर्ष समितिका अध्यक्ष रामकुमार यादवले धर्ना दिएको डेढ हप्ता बिते पनि गाउँपालिकाले बेवास्ता गरेको मध्यान्हलाइ बताए ।

उनले संघीय सरकारको आर्थिक वर्ष २०७८/७९ को बजेटअनुसार संघले आठ हजार र सम्बन्धित स्थानीय तहले सात हजार रुपैयाँ गरी मासिक १५ हजार रुपैयाँ दिइने भनिए पनि आफूहरूले त्यति रकम नपाएको बताए । 'गाउँपालिकाले बजेट छैन भन्दै चालू आवको साउनदेखि पुससम्म दुई त्रै मासिकमा १० हजार पाँच सय रुपैयाँका दरले तलब निकासा गरेको छ', उनले मध्यान्हसँग भने, 'बाँकी रहेको चार हजार पाँच सय रुपैयाँ पनि दिइनुपर्ने मागसहित ज्ञापनपत्र बुझायौं, तालबन्दी पनि गर्यौं तर पनि गाउँपालिकाले कुनै चासो दिएको छैन ।'

त्यस्तै धर्नामा बसेकी बावबिकास शिक्षक एकाइ समितिकी अध्यक्ष देवरैनकुमारी साहले बाँकी रहेको चार हजार पाँच सय रुपैयाँ निकासा नदिएसम्म धर्ना नरोकिने बताइन् ।

उनले भनिन, 'तोकेको न्यूनतम पारिश्रमिक मासिक १५ हजार रुपैयाँ हो, त्यो पूरा रकम नपाउँदा हामी समस्यामा छौँ ।' धर्नामा बसेकी समितिकी सचिव चन्दाकुमारी रायले गाउँपालिकाअन्तर्गत पर्ने ६ वटा वडा क्षेत्रमा रहेका १७ वटा सामुदायिक विद्यालयमा कार्यरत ३१ जना बालविकास सहजकर्ता, तीन लेखापाल र १७ जना कार्यालय सहयोगीको पूरा तलब दिन गाउँपालिकाले आनाकानी गरिरहेको बताइन् ।

समितिकी कोषाध्यक्ष चन्दाकुमारी मण्डलले चालू आवको बजेटमा शिक्षा विभागबाट शिक्षा विकास तथा समन्वय एकाइमार्फत प्रति बालविकास शिक्षक मासिक आठ हजार र कम्तिमा सात हजार रुपैयाँ सम्बन्धित स्थानीय तहले तलब सुविधा उपलब्ध गराउनुपर्ने भनिए पनि गाउँपालिकाले बजेट छैन भन्दै गत १० असारमा सम्पन्न पाँचौं गाउँसभाको निर्णयअनुसार मासिक दुई हजार पाँच सय रुपैयाँ मात्र थपेको मध्यान्हलाई बताइन् ।


## UAE मा रोजगार | कम्पनी : URBAN RIDERS DELIVERY SERVICES
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/१०/२८ चलानी नं.: ६०१७४३५४ LT. No.: 257900

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcyclist | 28 | 0 | स. काममा दक्ष | 1500 | ४८,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ६ गते (18 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Eurosia Human Resourse Pvt. Ltd.**
Govt. Lic. No. 1191/073/074
Samakhusi- 3, Gongabu, Kathmandu, Nepal, Tel: 014380243
Mob: 9851064740 , 9851071905, 9851237357
E-mail : eurosiahumanresource@gmail.com, Web : www.eurosiahr.com

## साउदीमा रोजगार | कम्पनी : Ali Mohammed Abdullah Albadh General Contracting Est.
शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७८/१०/२८ चलानी नं.: ६०१७४३२४ L.T. No.: 257583

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 21 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ८ गते (20 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**PEOPLE H.R.S. PVT. LTD.**
Gov. Lic No. 1475/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org

## साउदी अरबमा रोजगार | कम्पनी : SHAM NAJD INTERNATIONAL CO. LTD.
शहर : RIYADH

पुर्व स्वीकृत मिति: २०७८/०८/०१ चलानी नं.: ६०१६७८२० LT. No.: 250670

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५७,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुन ७ गते (19 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मादी ओभरसिज सर्भिसेस प्रा. लि.**
श्रम ईजाजत पत्र नं. २०९/०५७/०५८
पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ०१-५१८११३८, ५१८००३९
फ्याक्स: ५०११७४०, Email: madi5125@gmail.com | Website: www.madioverseas.com

## UAE मा रोजगार | Khanbooli Electromechanical Cont. LLC

पूर्व स्वीकृती मिति: २०७८/१०/२८ चलानी नं. ६०१७४३४३ LT No.: 257918

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Building Labourer/ Construction Worker | 50 | 00 | [illegible] | 900 | २९,४२८।- | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | | २ वर्ष |

अन्तरवार्ता २०७८ फागुन ७ गते (19 Feb. 2022) यस प्रा. लि. कार्यालय, महाराजगंज, काठमाडौंमा हुनेछ ।

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
(Shan International Group Nepal Pvt. Ltd.)
Licence No.:915/067/68
Maharajgunj (Near to Jyoti Bikas Bank), Kathmandu, Nepal
Tel : 4378890, 4378054, 9851002996, 9862847276, 9813793316, 9801171548, 9849469333

## साउदीमा रोजगार | कम्पनी : ALI SALEM AL MARRI FOR PETROLEUM SERVICE.
शहर: Dammam

पुर्व स्वीकृत मिति: २०७८/१०/२८ चलानी नं.: ६०१७४३५७ L.T. No.:257862

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
